मिति २०७८ वैशाख २२ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) को बैठकका

<u>एजेण्डाहरु:</u>

१. समीक्षा

२. निर्णय कार्यान्वयन सम्बन्धमा ।

३. विविध।

<u>निर्णयहरु:</u>

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ को नयाँ भेरियन्ट सहितको संक्रमण दर तीव्र रुपमा बढिरहेको, महामारीको दोस्रो लहरबाट यस जिल्लामा समेत हालसम्म २२८ जना संक्रमित भएकोमा ३ जनाको मृत्यु भएको, ६ जना थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा पठाइएको, २५ जना अस्पतालमा उपचाररत रहेको, १९० जना होम आइसोलेशनमा रहेको र ४ जना उपचारपश्चात निको भएको, संक्रमित व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको पहिचान गरी परीक्षणको कार्य भइरहेको छ।कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम यस जिल्लाभर जारी गरिएको आदेश कार्यान्वयन भइरहेको छ।यस अघिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायहरुबीचको समन्वय तथा अनुगमनलाई निरन्तरता दिँदै आइएको र आगामी दिनमा थप प्रभावकारी बनाउँदै थप सतर्कता अपनाउने निर्णय गरियो।

२. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०१।१९ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्न देहायबमोजिम गर्नेः

(क) सीमा क्षेत्रका होल्डिङ सेन्टरबाट पठाइएका व्यक्तिहरुको विवरण यस जिल्लाको सीमा प्रवेश गर्ने नाकाले अद्यावधिक गरी जिल्ला प्रहरी कार्यालय मार्फत सम्बन्धित स्थानीय तहहरुमा पठाउने र सम्बन्धित स्थानीय तहहरुले त्यस्ता व्यक्तिहरुलाई गन्तव्यसम्म पुर्‍याउने व्यवस्था मिलाई वडास्तरीय संयन्त्र परिचालन गरी निजहरुलाई अनिवार्य रुपमा १० दिन होम क्वारेन्टीनमा राखी नियमित निगरानी गर्ने र आवश्यकतानुसार परीक्षणको व्यवस्था मिलाउने।

(ख) कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि सबै प्रकारका सार्वजनिक भवन, संरचना र स्थलहरु साथै आवश्यकतानुसानर होटल, पार्टी प्यालेस, कारखाना, गोदामघर लगायतका संरचना जिल्लास्थित कार्यालय तथा स्थानीय तहहरुले प्रयोग गर्ने।

३. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका सन्दर्भमा कर्णाली प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।१९ गतेको निर्णय कार्यान्वयनका लागि देहाय बमोजिम गर्नेः

(क) जिल्ला अस्पताल तथा नगर/गाउँपालिकास्तरीय अस्पतालहरुमा कार्यरत मौजुदा स्वास्थ्यकर्मीहरुको सूची तत्काल तयार गरी मौजुदा स्वास्थ्यकर्मी कर्मचारी संख्याको २५% ले नियमित स्वास्थ्य सेवा र बाँकी संख्याका स्वास्थ्यकर्मीलाई कोभिड-१९ का बिरामीको उपचारको कार्यमा खटाउने।

(ख) जिल्ला अस्पतालमा मौजुदा रहेको बेडले कोभिड-१९ का बिरामी उपचार गर्न अपुग देखिएको हुँदा अस्पतालको क्षमता बढाउन तत्काल अस्थायी आवास निर्माण गरी अक्सिजन सहितको आवश्यक संख्यामा बेड थप गर्ने ।यस कार्यका लागि स्वास्थ्य सेवा कार्यालयले तत्काल कार्य अघि बढाउने।

(ग) जिल्लाका सबै अस्पतालहरुमा ई-हाजिरी लागू गरी कर्मचारीहरुलाई आफ्नो जिम्मेवारीमा क्रियाशील बनाउने। स्वास्थ्य सेवा कार्यालयले यो व्यवस्था तत्काल जिल्ला अस्पतालमा लागू गर्ने ।

(घ) बिरामीको मनोवल बढाउन जिल्ला अस्पतालमा तत्काल काउन्सिलरको व्यवस्था गर्ने। पालिकास्तरीय अस्पतालहरुमा समेत काउन्सिलरको व्यवस्था गर्न स्थानीय तहहहरुलाई अनुरोध गर्ने।

४. कोभिड-१९ को संक्रमणका सन्दर्भमा परामर्श सेवा उपलब्ध गराउन, संक्रमित तथा संक्रमण सम्भाव्य वर्गको मनोवल बढाउन एवं रोग प्रतिरोधी क्षमता विकास गर्ने खालका औषधी तथा सामग्रीहरुको वितरण गर्ने जस्ता कार्यको लागि स्वास्थ्य सेवा कार्यालय अन्तर्गत रहेका आयुर्वेद सेवाका कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गरी स्वास्थ्य सेवा कार्यालयले परिचालन गर्ने । आयुर्वेद सेवाका रिक्त दरबन्दी तत्काल पदपूर्तिको व्यवस्था मिलाउने ।

५. संघीय संसद प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिको मिति २०७८।०१।१४ गतेको बैठकको निर्देशन बमोजिम स्थानीय तहहरुमा क्वारेन्टीन वा आइसोलेशन निर्माण गर्दा लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाउन अनुरोध गर्ने।

६. जिल्लाका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा अक्सिजनको अभाव हुन नदिन स्वास्थ्य उपचार बाहेक अन्य प्रयोजनका लागि अक्सिजनको उपयोग हुन नदिने, अन्य प्रयोजनमा उपयोग भइरहेका अक्सिजन तत्काल जिल्ला अस्पतालमा उपलब्ध गराउन लगाउने। यस कार्यको अनुगमन स्थानीय तहहरु र जिल्ला प्रहरी कार्यालयले गर्ने ।

७. हाल मुसिकोट नगरपालिकाले सम्झौता गरी आइशोलेसनको रुपमा प्रयोग भईरहेको रासी समाज अस्पतालका आइशोलेसन वार्डहरु जिल्ला अस्पतालको नेतृत्वमा सञ्चालन गर्ने । सो का लागि आवश्यक पर्ने स्वास्थ्यकर्मीहरु जिल्ला अस्पतालसँगको समन्वयमा मुसिकोट नगरपालिकाबाट समेत परिचालन गर्ने।